जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९    स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३    अंक २८७    २०८१ साल असार ८ गते शनिबार (22 June 2024 Saturday)    मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सहकारी क्षेत्रको समस्या... ३ पृष्ठमा : रूसी नेता पुटिन थप शक्तिशाली... ३ पृष्ठमा : संयुक्त राष्ट्रसंघका विज्ञद्वारा..

# डाक्नेश्वरी नपाको बेथिति बिरुद्ध १४ बुँदे माग सार्दै चार दल आन्दोलित



**दैनिक समाचारदाता राजविराज, ७ असार ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकाको बेथिति बिरुद्ध १४ बुँदे माग अघि सार्दै स्थानीय चार दल आन्दोलित भएका छन् ।

नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, जसपा र लोसपाका स्थानीय नेता तथा कार्यकर्ताले संयुक्त आन्दोलन संघर्ष समिति नै गठन गरि आन्दोलन थालेका हुन् ।

शुक्रबार डाक्नेश्वरी नगरपालिकाको कार्यालय प्रवेशद्वार नजिकै पत्रकार सम्मेलनको आयोजना गरि चार दलले पहिलो चरणको आन्दोलन कार्यक्रमको घोषणा समेत गरेका छन् ।

जसअनुसार असार ८ गते शनिबार साँझ नगरमा मसाल जुलुस प्रदर्शन तथा ९ देखी १२ असारसम्म लगातार चार दिन कार्यालयको मूल गेटमै धर्ना बस्ने कार्यक्रम तय गरिएको छ । संघर्ष समितिले पत्रकार सम्मेलनमा १४ बुँदे माग समेत अघि सार्दै सो अवधीमा पनि सम्बोधन नगरि दोश्रो चरणमा आन्दोलनका थप सशक्त कार्यक्रमहरु अघि बढाउने निर्णय गरेको समितिका सदस्य समेत रहेका नेपाली काँग्रेसका नगर सभापति नारायण यादवले जानकारी दिए ।

नगरपालिकाका जनप्रतिनिधिहरुको वेथिति बिरुद्ध संघर्ष नाम दिइएको आन्दोलन माग पुरा नभएसम्म जारि रहने जसपा नगर समितिका उपाध्यक्ष ओमप्रकाश यादवले बताए । उनले नगर प्रमुख र केही वडाअध्यक्षाको मिलोमतोमा नगरपालिका भित्र व्यापक आर्थिक अनियमितता भएको र सो कार्यमा प्रमुख प्रशासकीय अधिकृतले साथ नदिदा उनलाई समेत गालिगलौज र कार्यालय नआउन धम्की दिन थालिएको बताए । उनले नगर प्रमुख मुखिया पालिकालाई एमालेको कार्यकर्ता भर्तिकेन्द्र बनाउन लागेको दोषारोपन गर्दै विभिन्न तहका कर्मचारी नियुक्तिमा समेत अनियमितता भएको दाबी गरे ।

संघर्ष समितिले नगर शिक्षा ऐन संशोधन, राजनीतिक प्रतिशोधको आधारमा गरिएको सरुवा खारेजी, पालिकाको आयव्यय सार्वजनिक, आर्थिक अनियमितताको छानबिन र भ्रष्ट कर्मचारीमाथी कारवाही गर्न माग गरेको छ ।

यस्तै आ.ब. २०७९/८० मा कोरोना महामारी शिर्षकमा गरिएको आम्दानी खर्च विवरण, आ.ब. २०७९/८० र २०८०/८१ मा खरीद गरिएको औषधी र सेनेटरी प्याडको आम्दानी खर्च विवरण, २०८०/८१ मा स्वास्थ्य शाखा, कृषि तथा पशु स्वास्थ्य शाखा र शिक्षा शाखामा भएको आम्दानी खर्च विवरण सार्वजनिक गर्नुपर्ने माग गरिएको छ ।

यस्तै राजनैतिक आस्थाका आधारमा हटाइएका कर्मचारीको पुर्नवहाली, कर्मचारीलाई दरबन्दी भएकै स्थानमा सरुवा गर्नुपर्ने लगायतका १४ बुँदे माग संघर्ष समितिले अघि सारेको छ ।

पत्रकार सम्मेलनमा जसपाका स्थानीय नेता तथा जसपा नगर समितिका अध्यक्ष लक्षण साह, बेचु साह, राजेश्वर राय, माओवादी केन्द्रका भुलाई राम, नेपाली कांग्रेसका भगवती प्रसाद यादव, लोसपाका नगर अध्यक्ष रामसागर मण्डल र सो पालिकाका वडा अध्यक्ष सत्रुधन मण्डल, भोगेन्द्र यादव र कुशेश्वर यादवको पनि उपस्थिति रहेको थियो ।

यता डाक्नेश्वरी नगरपालिकाका नगर प्रमुख रामलखन मुखियाले नगरपालिका भित्र कुनै आर्थिक अनियमितता नभएको र विपक्षिले अनावश्यक रुपमा बखेरा झिकेको बताएका छन् ।

नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीचको विवाद उत्कर्षमा पुगेको बेला चार राजनीतिक दल पनि मेयर रामलखन मुखिया बिरुद्ध आन्दोलित भएका हुन् ।

बिहीबार प्रमुख प्रशासकीय अधिकृत कुन्दन कर्णले आफू नगर प्रमुखबाटै असुरक्षित भएको भन्दै जिउँज्यानको रक्षा र कार्यालयमा काम गर्ने वातावरणका लागि स्थानीय प्रशासन समक्ष निवेदन बुझाएको भोली पल्टै शुक्रबार चार राजनीतिक दल पनि नगर प्रमुख मुखिया बिरुद्ध आन्दोलनमा उत्रेका छन् ।

यसअघि प्रमुख प्रशासकीय अधिकृत कर्णले नगर प्रमुख मुखियासहित केही वडा अध्यक्षले रोजगार संयोजक र रोजगार

*बाँकी अन्तिम पृष्ठमा*

# भ्रष्टाचार मुद्दा लागेपछि जलेश्वर नपाका वडा अध्यक्ष बने कार्यवाहक प्रमुख र उपप्रमुख

**दैनिक समाचारदाता महोत्तरी, ७ असार ।**

अख्तियारद्वारा भ्रष्टाचार आरोपमा प्रमुख उपप्रमुखसहित १२ जना निलम्वनमा परेपछि ठप्प रहेको जलेश्वर नगरपालिकामा वडा अध्यक्ष कार्यवाहक प्रमुख र उपप्रमुख बनेका छन् ।

जलेश्वर नगरपालिकाले बाँकी अन्य कार्यपालिका सदस्यमध्येबाट बहुमतीय प्रणालीका आधारमा कार्यवाहक प्रमुखमा वडा नं ९ का वडाध्यक्ष रवीन्द्र यादव र उपप्रमुखमा वडा नं ३ का वडाध्यक्ष रतन चौधरीलाई चयन गरेको छ ।

उनीहरु शुक्रबारदेखी नै कामकाज थालेपछि नगरपालिकाको ठप्प रहेको सम्पूर्ण कामकाज अगाडि बढेको प्रमुख प्रशासकीय अधिकृत जयकुमार साहले जानकारी दिए ।

अखितयार दुरुपयोग अनुसन्धान आयोगले गत वैशाख २७ गते जलेश्वर नगरपालिकाका प्रमुख र उपप्रमुखसहित १२ जनामाथि विशेष अदालतमा भ्रष्टाचार कसुरमा मुद्दा दायर गरेपछि नगरपालिकाको कामकाज प्रभावित भएको थियो ।

प्रमुख र उपप्रमुख र आवश्यक जनशक्तिको अभावमा आर्थिक वर्ष समाप्त हुन लाग्दा पनि विभिन्न काम रोकिएको अवस्था थियो ।

आर्थिक वर्ष २०७९/८० मा नगरपालिकाद्वारा वडा नं १ मा अवस्थित वरुण सरोवर पोखरीको दक्षिण र पश्चिम डिलमा रहेको हाट बजारमा पिसीसी ढलान कार्यमा भ्रष्टाचार भएको उजुरी निवेदन सम्बन्धमा अख्तियारले अनुसन्धान गरी अदालतमा मुद्दा दायर गरेको थियो ।

मुद्दा दायर भएपछि नगरपालिकाका प्रमुख सुरेश साह सोनार, उपप्रमुख रौशन खातुन, वडा नं १ का वडाध्यक्ष अनिलकुमार झा, कार्यपालिका सदस्य सोगरा खातुन, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत मित्रलाल ढकाल, वरिष्ठ इञ्जिनियर पवनकुमार झा, अधिकृत छैटौं धीरेन्द्र झा, इञ्जिनियर राकेशकुमार चौधरी, सवइञ्जिनियर दिपेशकुमार साह, त्यसैगरी उपभोक्ता समितिका अध्यक्ष राकेशकुमार साह, सचिव सिकेन्द्र चौधरी र कोषाध्यक्ष सन्तोषी देवी निलम्वन तथा कारबाहीमा परेका थिए ।

उनीहरुले हाटबजारमा भएको वास्तविक ढलान कार्यभन्दा बढी कार्य भएको भनी गलत विवरण तयार गरेको नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ताको बिल र अनुगमन प्रतिवेदन जाँच नै नगरी भुक्तानीका लागि पेस गरिएको टिप्पणी सदर गरी रु पाँच लाख ८४ हजार छ सय ३७ बढी भुक्तानी गरिएको भन्दै अख्तियारले उनीहरुविरुद्ध मुद्दा दायर गरिएको हो ।

# रास्वपाको स्थापना दिवसमा बृक्षारोपन




**दैनिक समाचारदाता राजविराज, ७ असार ।**

राष्ट्रिय स्वतन्त्र पाटीको दोश्रो स्थापना दिवसको अवसरमा शुक्रबार बृक्षारोपन गरिएको छ ।

राजविराज ७ स्थित बालमन्दिरको प्राङ्गनमा विभिन्न प्रजातीको झण्डै २ सय बोटविरुवा रोपेर स्थापना दिवस मनाइएको पार्टीका जिल्ला अध्यक्ष अरुण कुमार देवले जानकारी दिएका छन् ।

सो अवसरमा पार्टीका मधेश प्रदेश सल्लाहकार महिदेव चौधरी, नगर सचिव रामकिशुन यादव, प्रदेश सदस्य शिवकुमार यादव, जिल्ला सदस्य मो. इरफान आलम लगायतको सहभागिता रहेको थियो ।

## बालबालिकाप्रति अभिभावकको भूमिका

- बालबालिकालाई निडर, सिपालु, सक्षम,योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
- बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण श्रृजना गरौं,
- उनीहरुलाई गाली गर्ने,डर देखाउने, अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
- बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं,
- उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभुति गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### गर्मीबाट बच्न सावधानी अपनाऔं

तराई मधेशमा अत्यधिक बढेको गर्मीले जनजीवन प्रभावित बनाउँछौ गएको छ। गर्मीका कारण पसल, बजार, सरकारी कार्यालहरुमा सेवाग्राहीको उपस्थिति पातलिदैं गएको छ। एकाविहानै देखिको प्रचण्ड घामले साँझ सूर्य नअस्ताउन्जेल जनजीविकालाई प्रभावित बनाउँदा यहाँका मानिसहरु हैरान बनेका छन्।

बढ्दो गर्मीका कारण डायरिया, बान्ता आउने, डिहाइड्रेशन जस्ता विरामीहरुको संख्या दिनानुदिन वृद्धि हुँदै गएको छ।झन गर्मीयाममा तराई मधेश तिर लामखुट्टे र सर्पको विगबिगी बढ्दा अर्को समस्या थपिएको छ। यस्तो बेला आईसक्रिम, चिसो पेय पदार्थको बिक्री ह्वातै बढेको छ। स-साना बालबालिकाहरुले विद्यालय जान-आउन सास्ती भोग्नु परिरहेको छ। गर्मीका कारण वृद्धवृद्धा र बालबालिका नै बढी प्रभावित बनेको राजविराज स्थित गजेन्द्र नारायण सिंह सगरमाथा अंचल अस्पताल श्रोतले जनाएको छ। गर्मीको यही हाल रहे अस्पतालमा विरामीको संख्या बढ्न सक्ने अस्पताल श्रोतको दावी छ।

यस्तो मौसममा अत्यावश्यक काम नभए घर बाहिर ननिस्कन चिकित्सकहरुको सल्लाह रहेको छ। निस्कनै परे सकभर सुतीका हल्का र पातला पोशाक लगाएर निस्कन जरुरी हुन्छ। साथै छाता र कालो चश्मा लगाएर बाहिर निस्कनु लाभप्रद हुन्छ। गर्मी याममा प्रशस्त पानी पिउन चिकित्सकहरु सल्लाह दिन्छन्। तसर्थ गर्मीबाट बच्न हामीले सावधानी अपनाउनु जरुरी हुन्छ।

# सहकारी क्षेत्रको समस्या समाधानका लागि प्राधिकरण गठनको तयारी

काठमाडौँ, ७ असार (रासस)।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारी संस्थामा देखिएको समस्याको दीर्घकालीन समाधानका लागि सबै तहका सहकारी नियमन एवं अनुगमन गर्न प्राधिकरण गठन गर्ने तयारी थालिएको बताउनुभएको छ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा विनियोजन विधेयकमाथिको छलफलमा उठेको प्रश्नको जवाफ दिँदै उहाँले उक्त प्राधिकरण गठन गर्ने सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइसकिएको जानकारी दिनुभयो। सहकारीका क्षेत्रमा व्याप्त समस्याको दीर्घकालीन समाधानका लागि मन्त्रालय गम्भीर रहेको उहाँले बताउनुभयो।

"सहकारी क्षेत्रको दीर्घकालीन समस्या समाधानका लागि सबै तहका सहकारी नियमन एवं अनुगमन गर्न एक प्राधिकरण गठन गर्नेगरी सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइसकिएको छ", मन्त्री अधिकारीले भन्नुभयो, "यी सबै संयन्त्र स्थापनाका लागि आगामी आवमा बजेटसमेत व्यवस्था गरिसकिएको छ।"

उहाँले प्रदेश तथा स्थानीय सरकारसँग सहकारी समस्या समाधानका लागि विषयगत समिति गठन गरिएकोसमेत जानकारी दिनुभयो। मन्त्री अधिकारीले अहिलेसम्म २० वटा सहकारीलाई समस्याग्रस्त घोषणा गरी ती सहकारीको व्यवस्थापन 'समस्याग्रस्त सहकारी व्यवस्थापन समिति' मार्फत भइरहेको जानकारी दिनुभयो।

उहाँले समस्याग्रस्त घोषणा भएका सबै सहकारी संस्थाका बचतकर्तासँग अनलाइनमाफत माग दाबी माग गरिएबमोजिम ५९ हजार पाँच सय ८७ वटा मागदाबी निवेदन प्राप्त भएको बताउनुभयो।

उक्त निवेदनका आधारमा रु ३५ अर्ब ५१ करोड ७२ लाख ३५ हजार बराबरको दायित्व यकिन गरिएको छ। उहाँका अनुसार कुबेर बचत तथा ऋण सहकारी संस्था, स्ट्यान्डर्ड बहुउद्देश्यीय सहकारी संस्था र चार्टर्ड बचत तथा सहकारी संस्था गरी तीन वटा समस्याग्रस्त सहकारीको सम्पत्ति व्यवस्थापन तथा बचत भुक्तानी सम्पन्न गरिएको छ।

यस्तै नेपाल राष्ट्र बैंकसमेतको संलग्नतामा सहकारी बैंकको सघन अनुगमन सम्पन्न भई वित्तीय स्वास्थ्य बलियो पारी सुशासन र प्रभावकारी सञ्चालनका लागि निर्देशन दिइएको छ। मन्त्री अधिकारीका अनुसार सहकारी संस्थाबाट गरिने कर चुक्ता र जग्गा रोक्का फुकुवाका लागि सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस)मा आबद्धता अनिवार्य गरिएको हो। उहाँले सहकारी ऐन, २०७४ संशोधनका लागि प्रारम्भिक मस्यौदा तयारी भएको जानकारीसमेत दिनुभयो।

सदनमा उठेका प्रश्नको जवाफ दिने क्रममा मन्त्री अधिकारीले राष्ट्रिय भूमि आयोगले भूमिहीनता वा सुकुम्बासी एवं अव्यवस्थित बसोबासीको समस्यालाई समाधानमा अपेक्षित उपलब्धि हासिल हुन नसकेको भन्दै नयाँ ढङ्गबाट कार्यसम्पादन गर्नका लागि चुस्त एवं विज्ञसहितको आयोग गठन गर्ने प्रक्रिया थालनी गरिएको जानकारी दिनुभयो। यद्यपि नयाँ आयोग गठन गर्ने प्रक्रियाबारे सर्वोच्चमा रिट परेर विचाराधीन अवस्थामा छ। उहाँले आगामी आवमा कम्तीमा पाँच लाख परिवारलाई जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण गर्ने लक्ष्यसहित 'जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध कार्यक्रम'अन्तर्गत आवश्यक बजेट व्यवस्था गरिएको उल्लेख गर्नुभयो।

सुकुम्बासीले पुर्जा नपाएका सन्दर्भमा प्रचलित कानुनबमोजिम दर्ता गर्न मिल्ने सुकुम्बासी जग्गाको दर्तालाई द्रुतता दिन आगामी आर्थिक वर्षमा विशेष अभियान चलाउने बताउनुभएको छ। त्यसका लागि कानुनी संशोधन आवश्यकपर्ने क्षेत्रका हकमा सोको प्रक्रिया अगाडि बढाइने उहाँले बताउनुभयो।

उहाँले नेपालको अन्तर्राष्ट्रिय सीमासम्बन्धी देखिएका समस्या द्विपक्षीय सहमतिबाट समाधान गरिने विषय भएकाले सोहीअनुसार काम अघि बढेको जानकारी दिनुभयो।

मन्त्री अधिकारीले भू-उपयोग वर्गीकरण गर्दा कृषि क्षेत्रमा वर्गीकरण गर्नु चुनौतीपूर्ण देखिएको भए पनि भू-उपयोग क्षेत्र वर्गीकरण तथा भू-उपयोगसम्बन्धी कार्यक्रम कार्यान्वयनमा लैजाँदा कृषियोग्य जग्गाको संरक्षणलाई प्राथमिकतामा राखिएकाले भू-उपयोग क्षेत्र वर्गीकरणपश्चात् कृषियोग्य जग्गाको खण्डीकरण नियन्त्रण हुने विश्वास व्यक्त गर्नुभयो।

# सार्वजनिक ऋण २४ खर्बभन्दा बढी

काठमाडौँ, ७ असार (रासस)।

नेपालको कुल सार्वजनिक ऋण रु २४ खर्ब नाँघेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को जेठ मसान्तसम्ममा आन्तरिक ऋण रु ११ खर्ब ९२ अर्ब ४८ करोड र बाह्यतर्फ रु १२ खर्ब सात अर्ब ८६ करोड बराबर रहेको छ।

चालु आवको सुरुआत अर्थात् २०८० असार मसान्तमा कुल सार्वजनिक ऋण रु २२ खर्ब ९९ अर्ब ३५ करोड बराबर थियो। चालु आवको ११ महिनामा मात्र रु एक खर्ब ९९ करोड बराबर ऋण थपिएको हो। हालसम्मको कुल सार्वजनिक ऋणमा आन्तरिक ऋणको हिस्सा ४९ दशमलव ६८ र बाह्य ऋणको हिस्सा ५० दशमलव ३२ प्रतिशत छ।

बाह्य ऋणतर्फ बहुपक्षिण ऋणदातालाई रु १० खर्ब ७१ अर्ब ११ करोड र द्विपक्षीय ऋणदातालाई रु एक खर्ब ३६ अर्ब ७४ करोड बराबर तिर्न बाँकी छ। त्यस्तै, आन्तरिक ऋणतर्फ विकास बण्डको दायित्व सबैभन्दा बढी रु सात खर्ब ६४ अर्ब ९४ करोड बराबर छ। हालसम्मको ट्रेजरी बिलको दायित्व रु चार खर्ब १२ अर्ब ६९ करोड, नागरिक बचतपत्रको दायित्व रु १० अर्ब ७५ करोड, वैदेशिक रोजगारी बचतपत्रको दायित्व रु १७ करोड र आईएमएफ बण्डको दायित्व रु तीन अर्ब ९१ करोड बराबर छ।

चालु आर्थिक वर्षका लागि सरकारले कुल रु चार खर्ब ५२ अर्ब ७५ करोड बराबर ऋण उठाउने लक्ष्य राखेको थियो। जसमध्ये आन्तरिक ऋण रु दुई खर्ब ४० अर्ब र बाह्य ऋण रु दुई खर्ब १२ अर्ब ७५ करोड उठाउने लक्ष्य थियो। गत वैशाख मसान्तसम्ममा सरकारले आन्तरिकतर्फ रु दुई खर्ब २५ अर्ब र बाह्यतर्फ रु ८२ अर्ब ६७ करोड बराबर ऋण उठाइसकेको छ।

वार्षिक लक्ष्यका आधारमा हालसम्मको कुल ऋण प्राप्ति ६७ दशमलव ९६ प्रतिशत बराबर हो। आन्तरिक तर्फ वार्षिक लक्ष्यको ९३ दशमलव ७५ र बाह्य तर्फ वार्षिक लक्ष्यको ३८ दशमलव ८६ प्रतिशत बराबर रहेको सार्वजनिक

*बाँकी अन्तिम पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

# रूसी नेता पुटिन थप शक्तिशाली कि कमजोर ?

वार्सा, ७ असार (रासस/एएफपी) ।

रूसी अर्धसैनिक बलका प्रमुख येभगेनी प्रिगोजिनले गत वर्ष आफ्ना वाग्नर भाडाका सैनिकलाई मस्कोतर्फ पठाएपछि राष्ट्रपति भ्लादिमिर पुटिन कमजोर भएको रूसी विश्लेषकले बताएका थिए । तर एक शताब्दीको लगभग एक चौथाई आफ्नो सत्तालाई सबैभन्दा गम्भीर चुनौती दिएको एक वर्ष नबित्दै नेता पुटिन अहिले पहिलेभन्दा बढी सुरक्षित देखिनुभएको छ ।



विद्रोहको दुई महिनापछि विमान दुर्घटनामा प्रिगोजिनको मृत्यु भएको थियो । विद्रोहबाट प्रोगोजिनका वाग्नर लडाकूले दक्षिणी शहर रोस्तोभ-अन-डोनमा रूसको सेनाको मुख्यालय कब्जा गरेका थिए । उनीहरूले सैन्य विमानलाई गोली हाने र बेलारुसले २४ घण्टे विद्रोह अन्त्य गर्ने सम्झौतामा मध्यस्थता गर्नु अघि राजधानी मस्कोतर्फको आधा बाटोमा पुगेका थिए ।

त्यसपछि पुटिनले एउटा नयाँ नियम लागू गर्दै कसैलाई पनि फेरि उही स्तरको स्वायत्तताको अनुमति नदिइने घोषणा गर्नुभएको थियो ।

"प्रिगोजिनको उदय हुनुअघिसम्म हामीसँग कुनै पनि मुद्दा थिएन । एक बलियो सैन्य एकाइका कमाण्डरसँग एकै समयमा आर्थिक, राजनीतिक र सञ्चार स्रोतहरू थिए," अन्तर्राष्ट्रिय मामिलासम्बन्धी थिङ्क ट्याङ्क (चाथम हाउस) का सदस्य निकोलाई पेट्रोभले भन्नुभयो ।

वाग्नरको जनशक्तिको आवश्यकता देखेर पुटिनले प्रिगोजिनलाई दिइएका सबै स्वायत्तताका लागि दिनुभएको थियो । यो उनीहरूको घनिष्ठ व्यक्तिगत सम्बन्धको कारण मात्र होइन तर युक्रेनमा रूसको जमिनी आक्रमणले गति गुमाउँदै थियो र उनलाई वाग्नरको जनशक्तिको आवश्यकता थियो ।

पेत्रोभले भन्नुभयो, "यो एक महङ्गो तथा त्रुटिपूर्ण निर्णय थियो र त्यसपछि पुटिनले स्रोतको बाँडफाँड गर्दा नियन्त्रण र वफादारीलाई प्राथमिकता दिनुभएको छ ।

पुटिनविरूद्ध कोही पनि विश्वासघाती नभएको भने होइन, ७१ वर्षीय पुटिनले 'रूसी राजनीतिमा सबैभन्दा महत्वपूर्ण खेलाडीमाथि प्रत्यक्ष र निरन्तर नियन्त्रण' चाहनुभएको छ ।

विडम्बनाको कुरा, नेता पुटिनले हालैका हप्ताहरूमा देशको सैन्य प्रतिष्ठानमा व्यापक परिवर्तन गर्न आदेश दिनुभएको छ । यो प्रिगोजिनको विद्रोह पूर्वको मागहरूमध्ये एक थियो ।

रक्षामन्त्री सर्गेई शोइगुलाई पदबाट हटाइएको छ भने भ्रष्टाचारको आरोपमा कैयौं वरिष्ठ सैनिक अधिकारीलाई पक्राउ गरिएको छ ।

पुटिनले प्राविधिक अर्थशास्त्री तथा एक सैन्य शक्तिशाली व्यक्ति आन्द्रेई बेलोसोभलाई आफ्नो नयाँ रक्षा प्रमुखको रूपमा नियुक्त गर्नुभएको छ । पेट्रोभका अनुसार फेरि कुनै पनि प्रभावशाली नेतालाई बेवास्ता गरे यसले सेनाको हितलाई बढावा दिन सक्छ ।

प्रिगोजिनले व्यापक भ्रष्टाचार, रणनीतिक अयोग्यता र युक्रेन आक्रमणलाई विफल पारेको आरोप लगाएपछि पुटिनले आफ्ना रक्षा प्रमुखहरूलाई समर्थन गर्नुभएको एक वर्षअघिको तुलनामा यो फेरबदलले परिवर्तनलाई चिह्नित गरेको छ ।

पुटिनले यो फेरबदल राजनीतिक दबाबका कारण नभई आवश्यकताका कारण दिनुभएको थियो ।

"उहाँले यी कदम चाल्न र वरिष्ठ सैन्य व्यक्तित्वको हित र जीविकोपार्जनलाई चुनौती दिन सक्षम हुनु उहाँको कमजोरीभन्दा पनि शक्तिको प्रतीक हो," इन्टरनेसनल इन्स्टिच्युट फर स्ट्राटेजिक स्टडिज रसिया एण्ड युरेसियाका वरिष्ठ सदस्य नाइजेल गोल्ड डेभिसले भन्नुभयो ।

- 'प्रभुत्व' -

नेता पुटिनले गत मार्चमा भएको राष्ट्रपतीय चुनावमा ८७ प्रतिशत भारी मतले विजय हासिल गरेर आफ्नो शक्ति प्रदर्शन गर्नुभएको थियो ।

यो मतदानले पुटिनले आफूले चाहेको कुनै पनि कुरा कोर्न सक्ने र जनतालाई त्यसलाई स्वीकार गर्न बाध्य पार्न सक्ने देखाएको गोल्ड डेभिसले बताउनुभयो । "यो उनको प्रभुत्व र शक्तिको अभिव्यक्ति हो कि उनी यसबाट भाग्न सक्दछन्, आधिकारिक, प्रकाशित परिणामको सट्टा कुनै पनि तरिकामा वास्तविक समर्थन प्रतिबिम्बित गर्दछ," उहाँले भन्नुभयो ।

पेत्रोभका अनुसार पुटिनले 'सकेसम्म धेरै मत प्राप्त गरेको पुष्टि गर्न रुचाउनुहुन्छ । पुटिनको विशाल बहुमत पनि सुनियोजित थियो । परिणाम 'सांकेतिक' थियो । उहाँले आफ्नो लोकप्रियता 'युद्ध अघिको भन्दा धेरै उच्च छ' भनेर देखाउनुपरेको पेत्रोभले एएफपीसँग बताउनुभयो ।

पुटिनका एक मात्र वास्तविक राजनीतिक प्रतिद्वन्द्वी एलेक्सी नाभाल्नीको गत फेब्रुअरीमा आर्कटिक जेलमा १९ वर्षको जेल सजाय काटिरहेका बेला निधन भएको थियो ।

गोल्ड डेभिसले भन्नुभयो, "अन्य दमनकारी उपाय र अन्य व्यक्तिमाथि लगाइएका अनुकरणीय जेल सजायसँगै नेता पुटिनले अहिले जनसङ्ख्याको ठूलो हिस्सालाई तर्साउनुभएको छ ।"

उहाँले भन्नुभयो, यसको अर्थ क्रेमलिनको समर्थन गहिरो छ भन्ने हुँदै होइन ।"

सन् २०२३ को जुन २३ देखि २४ सम्म भएको विद्रोहका क्रममा पूर्व राष्ट्रपति दिमित्री मेदभेदेवले रूसको आणविक शस्त्रागार 'डाकुहरू'को हातमा पर्न नदिन चेतावनी दिनुभउको थियो र अन्य क्षेत्रीय

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### संयुक्त राष्ट्रसंघका विज्ञद्वारा इजरायलमा हतियार नपठाउन आग्रह

जेनेभा, ७ असार (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घका ३० भन्दा बढी विज्ञले बिहीबार राज्य र कम्पनीलाई इजरायलमा हतियार र गोलाबारुद हस्तान्तरण गर्न रोक्न आह्वान गरेका छन् । हात हतियारको निर्बाध स्थानान्तरणले मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लङ्घन भई मावबीय नरसंहारलगायत अन्तर्राष्ट्रिय अपराधमा राज्यको संलग्नताको जोखिम हुन सक्ने उनीहरूले बताएका छन् ।

हतियार बेच्ने लाइसेन्स भएका बिएई प्रणाली, बोइङ, क्याटरपिलर, जनरल डायनामिक्स र लकहिड मार्टिनजस्ता कम्पनीलाईकस सङ्केत गर्दै विशेष प्रतिवेदक, स्वतन्त्र विज्ञ र संयुक्त राष्ट्र मानव अधिकार परिषद्का कार्य समूहले संयुक्त वक्तव्य जारी गर्दै विश्व समुदाय तथा हतियार निर्मातालाई इजरायलमा हतियारलगायत अन्य सैन्य उपकरणको बिक्री र हस्तान्तरण रोक्न आग्रह गरे ।

कम्पनीहरूले इजरायली सेनालाई हतियार, पाटपुर्जा र गोलाबारुद पठाएर अन्तर्राष्ट्रिय मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनमा संलग्न हुने जोखिम रहेको विज्ञहरूले जनाएका छन् ।

जारी इजरायली सैन्य आक्रमण नागरिक तथा पूर्वाधारमा अन्धाधुन्ध आक्रमणको विषेशता भएको विज्ञहरूले उल्लेख गरेका छन् । उनीहरूका अनुसार इजरायलमाथि हतियार प्रतिबन्ध र लगानीकर्ताले निर्णायक कदम चाल्नुपर्ने आवश्यकता पहिलेभन्दा बढी जरूरी छ ।

### युक्रेनका ११४ ड्रोन निष्क्रिय बनाएको रूसको दावी

मास्को, ७ असार (रासस/एएफपी) ।

रूसले युक्रेनले रातारात प्रक्षेपण गरेको ११४ वटा ड्रोनलाई निष्क्रिय बनाएको तथा आक्रमणमा परी एक व्यक्तिको मृत्यु भएको रूसी अधिकारीले शुक्रबार बताएका छन् । रूसी हवाई हतियार प्रतिरक्षा प्रणालीले क्रिमिया र ब्याक सी क्षेत्रमा ७० ड्रोन, क्रास्नोडार क्षेत्रमा ४३ ड्रोन र भोल्गोग्राडमा एक ड्रोनलाई रोकेर नष्ट गरेको रक्षा मन्त्रालयले विज्ञप्तिमा जनाएको छ ।

क्रास्नोडारमा, युज्नी रेल स्टेशन नजिकैको सैन्य सुविधामा ड्रोन प्रहार गर्दा पानी तातो पार्ने स्टेशनका एक कर्मचारीको मृत्यु भएको क्रास्नोडार क्षेत्रीय गभर्नर वेन्यामिन कोन्ड्रातयेभले टेलिग्राममा बताउनुभयो ।

दुई वर्षभन्दा बढी समयदेखि रूसी आक्रमणसँग लडिरहेको युक्रेनले हालैका महिनामा ऊर्जास्थलहरूलाई लक्षित गर्दै रूसी क्षेत्रमा आक्रमण बढाएको छ । युक्रेनको ऊर्जा पूर्वाधारमा लक्षित रूसी मिसाइल र ड्रोन आक्रमणले देशको बिजुली उत्पादन क्षमतालाई कमजोर बनाएको किएभलाई युरोपेली सङ्घबाट बिजुली आयात गर्न बाध्य पारेको छ ।

### दिल्लीका मुख्यमन्त्रीलाई सम्पत्ति शुद्धीकरण मुद्दामा जमानत

नयाँदिल्ली, ७ असार (रासस/सिन्ह्वा) ।

दिल्लीको एक अदालतले मदिराको अन्तः शुल्क नीतिसम्बन्धी सम्पत्ति शुद्धीकरण मुद्दामा जेलमा रहेका दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई बिहीबार जमानत दिएको छ ।

"प्रवर्तन निर्देशनालय (ईडी) को सबै आपत्तिलाई अस्वीकार गर्दै सम्मानित अदालतले दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई जमानत दिएको छ," आम आदमी पार्टी (आप) ले सामाजिक सञ्जालमा लेखेको छ ।

बिहीबार साँझ आदेश जारी भएपछि आदेशलाई पुनरावेदन गरी चुनौती दिन सकियोस् भनी ईडीले जमानतपत्रमा हस्ताक्षर गर्न ४८ घण्टा पछि सार्न अनुरोध गरेको थियो ।

न्यायाधीशले उक्त आदेशमा रोक लगाउन अस्वीकार गरेका थिए । जमानतपत्र शुक्रवार न्यायाधीश समक्ष पेश गरिनेछ ।

आम आदमी पार्टी (आप) का प्रमुखसमेत रहेका केजरीवाल शुक्रबार जेलबाट बाहिर निस्कने सम्भावना छ किनभने जमानतको आदेश पहिले जेल पुग्नुपर्ने हुन्छ ।

केजरीवाललाई ईडीले गत मार्चमा विशिष्ट व्यक्तिहरूको पक्षमा मदिरामा अन्तःशुल्क निर्धारणमा प्रत्यक्ष संलग्नतासँग सम्बन्धित भ्रष्टाचारको आरोपमा गिरफ्तार गरेको थियो ।

सन् २०२२ को अगष्टमा भारतको प्रमुख अनुसन्धान निकाय सेन्ट्रल ब्युरो अफ इन्भेस्टिगेसन (सीबीआई) ले दिल्ली सरकारले घूस खाएका केही मदिरा व्यापारीलाई फाइदा पुऱ्याउन उक्त नीतिको प्रयोग गरेको आरोप लगाएपछि दिल्लीको अन्तःशुल्क नीतिको अनुसन्धान सुरु भएको थियो । उक्त नीति पछि खारेज गरिएको थियो ।

गत महिना भारतको सर्वोच्च अदालतले केजरीवाललाई देशको आम चुनावमा आफ्नो पार्टी र विपक्षी गठबन्धनका लागि प्रचार गर्न जुन १ सम्मका लागि अन्तरिम जमानत दिएको थियो । अन्तरिम जमानत अवधि सकिएपछि उहाँ जेठ २८ गते जेल फर्किनुभएको थियो । आम आदमी पार्टीले एक दशकभन्दा बढी समयदेखि भारतको राष्ट्रिय राजधानी क्षेत्रमा शासन गर्दै आएको छ । यसले उत्तरी भारतीय राज्य पञ्जाबमा पनि शासन गर्छ ।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० बर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्न नपाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको विवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानुनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**राजगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# राजस्व संकलनमा सामान्य वृद्धि

काठमाडौँ, ७ जेठ (रासस)।

गत आर्थिक वर्षको तुलनामा चालु आवमा राजस्व सङ्कलनमा सामान्य वृद्धि भएको छ। चालु आवको ११ महिनामा रु ४१ अर्ब १९ करोड राजस्व सङ्कलन भएको छ।

आन्तरिक राजस्व विभागका अनुसार गत वर्ष सोही अवधिमा रु ३७ अर्ब सङ्कलन भएको थियो। यो वृद्धि ११ दशमलव ३० प्रतिशतले बढी हो। चालु आवको जेठ मसान्तसम्म रु चार खर्ब ४८ अर्ब राजस्व सङ्कलन भएको छ। यो गत वर्षको सोही अवधिको तुलनामा नौ दशमलव ६४ प्रतिशतले बढी हो। गत वर्ष जेठ मसान्तसम्मको राजस्व असुली रु चार खर्ब आठ अर्ब थियो। गत वर्षभन्दा चालु आवको यो अवधिसम्म रु ४० अर्बले राजस्व सङ्कलनमा वृद्धि भएको विभागका महानिर्देशक शिवलाल तिवारीले राससलाई जानकारी दिनुभयो।

आयकर (भाडा र ब्याजसमेत) बाट रु दुई खर्ब ३२ अर्ब, मूल्य अभिवृद्धिकर (आन्तरिक)बाट रु एक खर्ब १२ अर्ब र अन्तःशुल्कबाट रु ९५ अर्ब सङ्कलन भएको छ। महानिर्देशक तिवारीका अनुसार स्वास्थ्य सेवा, शिक्षा र अन्यबाट रु आठ अर्ब राजस्व उठेको छ। हालसम्म लक्ष्यको ७८ दशमलव पाँच प्रतिशत रकम असुली भएको छ।

गत वर्षको सोही अवधिको तुलनामा राजस्व सङ्कलनमा वृद्धि भए पनि सरकारले चालु आवमा निर्धारण गरेको लक्ष्यमा भने पुग्न सकेको छैन। राजस्व योगदानमा करदाता कार्यालयहरूमध्येको ठूला करदाता कार्यालयको हिस्सा करिब ४० प्रतिशत छ। यो कार्यालयले रु एक खर्ब ७५ अर्ब सङ्कलन गरेको छ। ठूला करदाता कार्यालयको राजस्व असुली लक्ष्य रु दुई खर्ब ३८ अर्ब थियो।

वार्षिक एक अर्बभन्दा बढीको कारोबार गर्ने करदाताबाट ठूला करदाता कार्यालयले कर सङ्कलन गर्दै आएको छ। एक अर्बभन्दा बढीको कारोबार गर्ने करदाता सङ्ख्या पाँच सय ४५ छन्। कोरोना महामारीलगायत विविध कारणले केही वर्षयता अर्थतन्त्रमा आएको सुस्तताका कारण राजस्व सङ्कलनमा कमी आए पनि चालु आवको उत्तरार्द्धमा अर्थतन्त्रमा भएको सुधारले राजस्व सङ्कलनमा वृद्धि भएको महानिर्देशक तिवारी बताउनुहुन्छ।

अन्तःशुल्कमा बढाइएको निगरानी, धितोपत्र बजार र घरजग्गा व्यवसाय कारोबारमा भएको वृद्धि तथा पुँजीगत खर्चमा भएको वृद्धिले पनि राजस्व सङ्कलनमा सकारात्मक प्रभाव परेको उहाँले बताउनुहुन्छ।

## सार्वजनिक...

ऋण व्यवस्थापन कार्यालयले जनाएको छ।

चालु आवभित्र उठाइसक्ने लक्ष्य लिइएको ऋणमध्ये वैशाख मसान्तसम्ममा आन्तरिकतर्फ रु १५ अर्ब र बाह्यतर्फ रु एक खर्ब ३० अर्ब सात करोड गरी कुल रु एक खर्ब ४५ अर्ब बराबर उठ्न बाँकी रहेको कार्यालयका प्रमुख दीर्घराज मैनालीले जानकारी दिनुभयो।

चालु आवमा सरकारी ऋणको साँवा तिर्न रु दुई खर्ब २५ अर्ब १७ करोड र ब्याज तिर्न रु एक खर्ब पाँच अर्ब ३८ करोड बराबर विनियोजन भएको थियो। जसमध्ये चालु आवको १० महिनामा साँवातर्फ रु एक खर्ब ९७ अर्ब ३२ करोड अर्थात् विनियोजित बजेटको ८७ दशमलव ८३ प्रतिशत र बाह्यतर्फ रु ३१ अर्ब ५२ करोड अर्थात् ७० दशमलव नौ प्रतिशत बराबर भुक्तानी भइसकेको कार्यालयले जनाएको छ।

चालु आर्थिक वर्षको गत वैशाख मसान्तसम्म तिरिएको सार्वजनिक ऋणको साँवा ब्याजमध्ये आन्तरिकतर्फको भुक्तानी रु दुई खर्ब २७ अर्ब २० करोड र बाह्य ऋणको साँवा ब्याजमा रु ४३ अर्ब ९९ करोड बराबर खर्च भएको छ।

## रूसी...

अधिकारीहरूले शान्त रहन आग्रह गर्दै कडा वक्तव्य जारी गरेका थिए तर पुटिनको पक्षमा व्यापक विरोध वा सार्वजनिक रूपमा समर्थन गरिएको थिएन।

दक्षिणी शहर रोस्तोभ-अन-डनका तस्वीरहरूमा विद्रोहको बीचमा प्रिगोजिन र उनका वाग्नर पुरुषहरूसँग मुस्कुराइरहेका, जयजयकार गरिरहेका र सेल्फी लिइरहेका देखिन्छन्।

"विद्रोहप्रति लोकप्रिय र सम्भ्रान्त दुवै प्रतिक्रियाले पुटिन वा युद्धका लागि थोरै प्रामाणिक उत्साह रहेको देखाएको छ," गोल्ड डेभिसले भन्नुभयो, "अधिकांश रूसी नागरिक बरू आफ्नो टाउको झुकाउने तर पुटिनको विरोधमा नआउने चाहना राख्छन्। यो उनीहरूको युद्ध र शासनसँग आफुहरूलाई नजोड्ने इच्छा हो।"

## डाक्नेश्वरी...

सहायक पदको विज्ञापन र पदपूर्तीको विषयलाई लिएर आफूमाथी अभद्र व्यवहार गर्नुका साथै कार्यालय नआउन धम्की समेत दिएकाले सुरक्षा व्यवस्थाका लागि उनले प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीसमक्ष निवेदन पेश गरेका थिए।



## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ। तर, यसबारे धेरैलाई जानकारी छैन्। धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन्।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन्। छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन्। मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ। मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ। यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् वैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ। साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ। कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन्। जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन्।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन्। कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ। यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह। यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ। यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं।

**सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं।**

**जनहीतका लागि**

**उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय मधेश प्रदेश**

**पर्यटन विकास कार्यालय लहान, सिरहा**

## बाढी / पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : सप्तकोशी नगरपालिका, सप्तरी**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*